# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ७ संख्या : ३ पुष ०९, २०८१

## भाग-२

## उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०९/०९**

**प्रमाणीकरण मितिः २०८१/०९/०९**

**प्रस्तावनाः** गुल्मीदरबार गाउँपालिकामा कृषि क्षेत्रको व्यवसायीकरण मार्फत प्रमुख कृषि जन्य वस्तुहरुको उत्पादकत्व तथा उत्पादन वृद्धि गरी कृषकहरुको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्न आवश्यक छ। कृषि उत्पादनको लागत न्यूनीकरण गर्दै सरकारी अनुदानमा वास्तविक कृषकहरुको पहुँचलाई सुनिश्चित गर्नुपर्ने आवश्यकता महसुस गरी स्थानीय सरकारको नीति तथा कार्यक्रममा कृषि क्षेत्रलाई प्राथमिकता दिइएकोले उत्पादनमा आधारित अनुदानलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्न वाञ्छनीय भएकोले, गुल्मीदरबार गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यो कार्यविधिको नाम" उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ " रहेको छ ।

(२) यो कार्यविधि स्वीकृति पछी गुल्मीदरबार गाउँपालिका भरी लागु हुनेछ ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "कार्यक्रम" भन्नाले विभिन्न कृषि जन्य वाली तथा दुध उत्पादनको उत्पादनमा आधारित अनुदान कार्यक्रम सम्झनु पर्छ।

(ख) "कृषक" भन्नाले व्यवसायीक रुपमा कृषि जन्य वाली तथा गाईभैंसी पालन गरी विभिन्न कृषि उपज तथा दुध उत्पादन गरी कार्यक्रममा सहभागी हुन इच्छुक व्यक्ती, कृषक समूह, कृषि सहकारी संस्था तथा फर्म सम्झनु पर्छ ।

(ग) "पालिका" भन्नाले गुल्मीदरबार गाउँपालिकालाई सम्झनु पर्छ ।

(घ) "लाभग्राही" भन्नाले कार्यक्रममा आवद्ध भई अनुदान प्राप्त गर्ने वा गरेका कृषक सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले यस कार्यविधिको दफा ३ वमोजिम गठित अनुदान व्यवस्थापन तथा प्राविधिक समिति सम्झनु पर्छ ।

(च) "कार्यालय प्रमुख" भन्नाले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्नेछ ।

(छ) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनु पर्नेछ ।

## परिच्छेद- २
## कार्यक्रम सञ्चालन प्रक्रिया

३. कार्यक्रम कार्यन्वयन तथा व्यवस्थापन समितिः पालिकामा रहेको आर्थीक विकास समितिले कार्यक्रम कार्यन्वयन तथा व्यवस्थापन समितिको रुपमा काम गर्नेछ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१)

(१) प्रचलित कानुन बमोजिम कार्यक्रम सञ्चालनका लागी क्षेत्र निर्धारण गर्ने तथा आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू निर्धारण गर्ने,

(२) लाभग्राहीहरुको छनौट गरी कार्यपालिकामा स्वीकृतिका लागि सिफारिस गर्ने।

(३) कार्यक्रम संचालनको समयमा कुनै कानूनको आवश्यकता भएमा कानून तर्जुमाको लागि सिफारिस गर्ने।

(४) कार्यक्रम संचालनको लागि आवश्यक प्राविधिक जनशक्तिको परिचालन गर्न सहजीकरण गर्ने।

(५) कार्यक्रमको अनुगमन, मूल्यांकन र नियमित समीक्षा गर्ने।

५. कार्यक्रम मूल्याङ्कन तथा प्राविधिक समितिः पालिकामा देहाय बमोजिम अनुदान व्यवस्थापन तथा प्राविधिक समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) प्रमुख, सामाजिक तथा आर्थिक विकास शाखा | सदस्य |
| (ग) सम्बन्धित वडाको कृषि प्राविधिक | सदस्य |
| (घ) प्रमुख वा प्रतिनिधि लेखा शाखा | सदस्य |
| (ङ) प्रमुख, कृषि विकास शाखा | सदस्य सचिव |

६. बैठक सम्बन्धी व्यवस्थाः (१) दफा ३ र ५ अनुसारका समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

(२) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ ।

(३) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

(४) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. समितिको काम कर्तव्य र अधिकारः दफा ३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) प्राप्त आवेदनहरुको मूल्याङ्कन गरी लाभग्राहिहरुको सम्भावित नामावली तयार गर्ने,

(२) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि समन्वय, निरिक्षण तथा अनुगमन गर्ने,

(३) सञ्चालित कार्यक्रमको प्रतिवेदन तयार गर्ने र

(४) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक निर्देशन दिने ।

६. कार्यक्रम तर्जुमा र कार्यान्वयनः (१) यो कार्यक्रम सञ्चालनका वार्षिक कार्यक्रममा नै समावेश हुने गरी बजेटको व्यवस्था गरिनेछ ।

(२) दफा ६ को उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयनको लागि कृषि तथा पशुपन्छी विकास शाखाले पालिका भरि कम्तिमा पनि १५ दिनको समयावधि दिई सार्वजनिक सूचना प्रकाशन गरी कार्यक्रममा सहभागी हुन इच्छुक कृषकहरुको आवेदन माग गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रकाशित सूचना अनुसार कार्यक्रममा सहभागी हुन इच्छुक कृषकहरुले बाली वस्तुको उत्पादनका आधारमा अनुदानको लागि अनुसूची-१ तथा दुध उत्पादनको लागि अनुदानको लागि अनुसूची — २ बमोजिमको ढाँचामा सम्बन्धित शाखा वा सम्बन्धित वडा कार्यालयमा आवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम आवेदन पेश गर्ने कृषकहरुले विभिन्न बाली तथा व्यवसायका लागी अनुसूची-३ बमोजिमको मापदण्ड पुरा गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम प्राप्त भएका आवेदनहरु समितिमा पेश भई स्थलगत प्रमाणीकरणको आधारमा लाभग्राही छनौट गरिनेछ ।

(६) शाखाले उपदफा (५) बमोजिम छनौट भएका लाभग्राहिहरुलाई छनौट भएको जानकारी तथा व्यवसायिक खेती गर्ने जानकारी सम्बन्धित कृषकलाई जानकारी गराउनेछ ।

(७) कार्यालयबाट कुनै पनि अनुदान प्राप्त नगर्ने कृषकहरुलाई छनौटको लागि प्राथमिकता दिइनेछ।

७. **अनुदान रकमः** यस कार्यक्रम अन्तर्गत दफा ६ को उपदफा (४) अनुसारको मापदण्ड पूरा गरी उपदफा (५) अनुसार छनौट भएका व्यवसायिक उत्पादन गर्ने कृषकलाई कार्यक्रम कार्यन्वयन तथा व्यवस्थापन समितिको निर्णयानुसार प्रति के.जी. वा लिटर उत्पादनका आधारमा अनुदान रकम प्रदान गरिनेछ।

## परिच्छेद-३
## कार्यक्रमको अनुगमन, निरिक्षण तथा प्रतिवेदन

८. कार्यक्रमको अनुगमन तथा प्रतिवेदनः (१) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रमको अनुगमन, निरिक्षण तथा प्रतिवेदन गर्ने मूख्य जिम्मेवारी सम्बन्धित शाखाको हुनेछ ।

(२) सञ्चालित कार्यक्रमको शाखाले जुनसुकै समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमन तथा निरीक्षण गरेको प्रतिवेदन सम्बन्धित शाखाले कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(४) सञ्चालित कार्यक्रमको समिति, शाखा, पालिका अध्यक्ष तथा कार्यपालिका बाट सोझै अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

## परिच्छेद-४

## कार्यक्रमको मुल्याङ्कन, जाँचपास र फरफारक

९. कार्यक्रमको प्राविधिक मुल्याङ्कन, जाँचपास र फरफारकः (१) यस कार्यविधि बमोजिम लाभग्राहीका रुपमा छनौट भई कार्यक्रम सञ्चालन गरेका लाभग्राहीहरुले कृषि बाली वस्तुको हकमा उत्पादन लिनु वा बिक्री गर्नु भन्दा १ महिना अगावै अनुसूची-४ बमोजिम स्थलगत अनुगमन तथा उत्पादन एकिन गरी पाउँ भनी शाखा समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) दुध उत्पादनमा आधारित अनुदान प्राप्त गर्नको लागि छनौट भएका कृषकहरुले अनुसुची-५ अनुसारको ढाँचामा आफ्नो उत्पादन विक्री गरेको स्थलबाट प्रमाणीकरण गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निवेदन तथा उपदफा (२) बमिजिमको प्रमाणीकरण प्राप्त भएको १ महिना भित्र सम्बन्धित शाखाले वडामा कार्यरत प्राविधिक, प्रतिस्पर्धी उत्पादक कृषक, जनप्रतिनिधि तथा अन्य सरोकारवालाहरुको रोहवरमा स्थलगत रुपमा उत्पादन क्षेत्र तथा कुल उत्पादनको एकिन गरी अनुसूची-६ बमोजिमको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको प्रतिवेदनका आधारमा गाउँपालिकाले प्रचलित कानुन बमोजिम लाभग्राहीको बैङ्क खाता मार्फत अनुदान रकम भुक्तानी गर्नेछ।

(५) भुक्तानी तथा आर्थिक विषय सम्बन्धमा यस कार्यविधिमा लेखिएको हकमा यसै बमोजिम र नलेखिएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-५

## विविध

१०. प्रगति प्रतिवेदनः (१) यस कार्यविधि बमोजिम भएको काम कारवाहिको विवरणसहितको चौमासिक प्रतिवेदन शाखाले कार्यालय प्रमुख समक्ष पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन कार्यालय प्रमुखले पालिका अध्यक्ष तथा कार्यपालिकामा समेत पठाउनु पर्ने छ ।

११. कार्यक्रम रद्द गर्न सकिनेः (१) प्राविधिक सरसल्लाह अनुसार तथा सुझावको पालना नगर्ने र झुठ्ठा विवरण पेश गरेको पाइएमा लाभग्राहीको सम्झौता रद्द गर्न सकिनेछ तथा सो अवस्थामा शाखाले कुनै पनि अनुदान रकम भुक्तानी गर्ने छैन ।

१२. प्रचलित कानुन बमोजिम हुनेः प्रचलित कानुनको सर्वमान्यतामा प्रतिकुल नहुने गरी यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

१३. बाधा अड्काउ फुकाउने र शंसोधनः (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा कार्यपालिकाले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) कार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

## अनुसूची-१

### (दफा ६ को उपदफा (३) सँग सम्बन्धीत)

उत्पादनका आधारमा अनुदान कार्यक्रमको लागि आवेदनको ढाँचा

मितिः..................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गुल्मीदरबार गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
गौंडाकोट, गुल्मी ।

विषयः कार्यक्रममा समावेश गरी दिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयबाट मिति ................... मा प्रकाशित सूचना अनुसार उत्पादनमा आधारित कार्यक्रममा म/हामी संलग्न भई .................................. खेती बिस्तार गर्न इच्छुक भएको हँदा उक्त कार्यक्रममा समावेश गरि दिनु हुन अनुरोध गर्दछु / गर्दछौं। साथै सोका लागी आवश्यक कागजातहरु समेत यसै आवेदन साथ पेश गरेको व्यहोरा अनुरोध छ ।

क. आवेदक कृषक/कृषक समुह/कृषि सहकारी/फर्मको नामः

ख. ठेगानाः

ग. सम्पर्क नं.

घ. व्यवसाय बिस्तार गर्ने जग्गाको ठेगानाः

ङ. हाल खेतीमा रहेको जग्गाको क्षेत्रफल वा टनेल संख्याः ...........

च. व्यवसाय बिस्तार गरिने क्षेत्रफल वा टनेल संख्याः ..........

छ. आधिकारिक व्यक्तिको हस्ताक्षर र छापः

संलग्न कागजातहरू

१. कृषक/कृषक समुह/कृषि सहकारी/फर्म दर्ता प्रामाण पत्रको प्रतिलिपि

२. कृषक समुह/कृषि सहकारीको निर्णयको प्रतिलिपि

३. नागरिकता र लालपुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिएको सम्झौता पत्रको प्रितिलिपि

**अनुसूची-२**

**(दफा ६ को उपदफा (३) सँग सम्बन्धीत)**

दुध उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागि आवेदनको ढाँचा

मितिः..................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गुल्मीदरबार गाउँपालिका,
गौंडाकोट, गुल्मी ।

विषयः कार्यक्रममा समावेश गरी दिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयबाट मिति .................... मा प्रकाशित सूचना अनुसार दुध उत्पादनमा आधारित अनुदान कार्यक्रममा म/हामी संलग्न भई ................... पालन बिस्तार गर्न इच्छुक भएको हँदा उक्त कार्यक्रममा समावेश गरि दिनु हुन अनुरोध गर्दछु / गर्दछौं। साथै सोका लागी आवश्यक कागजातहरु समेत यसै आवेदन साथ पेश गरेको व्यहोरा अनुरोध छ ।

क. आवेदक कृषक/कृषक समुह/कृषि सहकारी/फर्मको नामः

ख. ठेगानाः

ग. सम्पर्क नं.

घ. पशु संख्याः

१. भैंसीः

| क.सं. | भैंसी | | राँगो | | पाडी | | पाडा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | उन्नत | स्थानीय | उन्नत | स्थानीय | उन्नत | स्थानीय | उन्नत | स्थानीय | |
| | | | | | | | | | |

२. गाईः

| क.सं. | भैंसी | | राँगो | | पाडी | | पाडा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | उन्नत | स्थानीय | उन्नत | स्थानीय | उन्नत | स्थानीय | उन्नत | स्थानीय | |
| | | | | | | | | | |

ङ. दैनिक दुध उत्पादन क्षमताः ................ लि.

च. जम्मा वार्षिक दुध उत्पादन हुने दिनः ...............

छ. वार्षिक दुध उत्पादन क्षमताः .........................

ज. दुध विक्री गर्ने स्थानः

झ. दुध विक्री मूल्यः............................

ञ. आधिकारिक व्यक्तिको हस्ताक्षर र छापः

संलग्न कागजातहरू

१. कृषक/कृषक समुह/कृषि सहकारी/फर्म दर्ता प्रामाण पत्रको प्रतिलिपि

२. कृषक समुह/कृषि सहकारीको निर्णयको प्रतिलिपि

३. नागरिकता र लालपुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिएको सम्झौता पत्रको प्रितिलिपि

अनुसुची ३

**(दफा ६ को उपदफा (४) सँग सम्बन्धीत)**

विभिन्न बाली तथा उत्पादनको मापदण्ड

| क्र.सं. | बाली वस्तु | कार्यक्रममा सहभागिताको लागि न्यूनतम मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ | विभिन्न तरकारी बालीहरु | १.५ रोपनी | |
| २ | टनेल भित्र उत्पादन गर्ने तरकारीको लागि | ३ वटा | |
| ३ | आलु | ३ रोपनी | |
| ४ | दुध | उत्पादन दिने गाई/भैंसी २ वटा | |

अनुसूची-४

**(दफा ९ को उपदफा (१) सँग सम्बन्धीत)**

स्थलगत अनुगमन तथा अनुमानित उत्पादनको आँकलन गरी पाउँ भन्ने निवेदनको ढाँचा

मितिः.........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गुल्मीदरबार गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
गौंडाकोट, गुल्मी।

**विषयः स्थलगत अनुगमन गरी पाउँ ।**

महोदय, प्रस्तुत विषयमा त्यस कार्यालयको मिति ............... मा उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालनका लागि प्रकाशित सूचना बमोजिम ........... क्षेत्रफलमा ...................... खेती गर्ने कार्य सम्पन्न भई सकेको हुँदा उक्त खेतिको स्थलगत अनुगमन गरी अनुमानित उत्पादन परिमाणको आँकलन समेत गरी दिनहुन हार्दिक अनुरोध गर्दछु / गर्दछौं ।

आवेदक

अनुसूची-५

**(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)**

दुध उत्पादन प्रमाणीकरण

दुध विक्री गर्ने संस्थाको नामः

ठेगानाः सम्पर्क नं.

कृषकको नामः

महिनाः

जम्मा दुध विक्री गरेको दिनः

मासिक दुध विक्री परिमाणः

| | |
|---|---|
| दुध विक्री गर्ने | प्रमाणीत गर्ने |
| नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| छापः | छापः |

अनुसुची ६

**(दफा ९ को उपदफा (२) सँग सम्बन्धीत)**

उत्पादन विवरण तथा कार्य सम्पन्न प्रतिवेदनको नमूना

क. कृषकको नामः

ख. ठेगानाः

ग. सम्पर्क नंः

घ. उत्पादनको विवरणः

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १ | खेती गरिएको क्षेत्रफल | ............ रोपनी |
| २ | बाली कटानी गरिएको क्षेत्रफल | ............ रोपनी |
| ३ | उत्पादन (बाली कटानी गरिएको) | ............ के.जी. |
| ४ | जम्मा अनुमानित उत्पादन | ............ के.जी. |
| ५ | उत्पादन दिने गाई/भैंसी संख्या | गाई ......... भैंसी .......... |
| ६ | दैनिक उत्पादन क्षमता | .......... लि. |
| ७ | वार्षिक दुध उत्पादन हुने दिन | .......... दिन |
| ८ | वार्षिक उत्पादन | .......... लि. |

साक्षीहरुः

पेश गर्नेः

प्राविधिकको नामः

पदः

हस्ताक्षर

आज्ञाले

भेषराज घिमिरे

प्रमुख प्रशासकीय अधिकृत